# Sealed Tender Form for supply of
# "**Medical Equipment**"

PHCP for BR, Damak, Jhapa

(ID No.: 007060/AMDA/PHCP/2020)


**AMDA - Nepal**

Central Office, Gokarneshwor-6, Jorpati Kathmandu

Phone No.: 01 - 4910235 / 4911140

Fax No.: 01 – 4911141

## SUPPLIERS' PROFILE

Name of Company / Firm: ……………………..……………………………………………..

Company/Firm Registration No: ……………………………………….……………………….

Address: ……………………………………..………..……………………………………

Phone No. : …………………..……………… Fax No.: ………………………………………….

E-mail: ……………………………………..………………………………………………

Web site: ………………………………………………………………………………………

Type of Transaction: Retailer/Stockiest/Supplier/Manufacturer
Others (specify)…………………………………………………

Mailing Address:
…………………………………………………………………………….
…………………………………………………………………………….
…………………………………………………………………………….
…………………………………………………………………………….
VAT/PAN No: ……………………………………………………………

Validity/Expiry of PAN/VAT Certificate: …………………..……………

I/We confirm the accuracy of the information given in the sealed tender document and fully responsible to supply the items as cited under the following terms & condition.

Signature: Stamp:

Name of Proprietor:

Date

## <u>बोलपत्र/दरभाउपत्र आव्हानको सूचना</u>

(दोस्रो पटक प्रकाशित मितिः २०७७।०३।०९)

(23 June 2020)

आम्दा नेपाल अन्तर्गत सञ्चालित भुटानी शरणार्थिका लागि प्राथमिक स्वास्थ्य सेवा परियोजनाका लागि आवश्यक मेडिकल उपकरणहरु खरिद गर्नु पर्ने भएकाले इच्छुक ईजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट यो सूचना (007060/AMDA/PHCP/2020) प्रकाशन भएको मितिले सात दिन भित्र तोकिएको शर्तको अधिनमा रही बोलपत्र/दरभाउपत्र आह्वान गरिएको छ । बोलपत्र फारम आम्दा नेपालको वेबसाईटबाट डाउनलोड गरी ईमेल (phcp.damak@amda.org.np) मार्फत वा भुटानी शरणार्थीका लागि प्राथमिक स्वास्थ्य सेवा परियोजना, दमकबाट खरिद गर्न सकिने छ। थप जानकारीका लागी आम्दा नेपालको वेभसाइड www.amda.org.np वा निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शर्तहरुः**

१. बोलपत्र/दरभाउपत्र फारम निम्न कागजातको साथमा नगद वा **आम्दा नेपाल**को नाममा रु. ५००।- नेपाल ईन्भेष्टमेण्ट बैक, लिमिटेड, दरबार मार्गमा रहेको **बैक खाता नं. ००१०१०१००२९००९** मा जम्मा गरेको बैक भौचर बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्र/दरभाउपत्र फारमको शुल्क फिर्ता हुने छैन ।

- बोलपत्र/दरभाउपत्र खरिद गर्न चाहने फर्म/कम्पनीको लिखित निवेदन ।
- फर्म/कम्पनी नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि ।
- आ.ब. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

बोलपत्र पेश गर्नु अघि मिति २०७६।०३।१२ (26 June 2020) का दिन दिऊसो २:०० बजे भुटानी शरणार्थीका लागि प्राथमिक स्वास्थ्य सेवा परियोजना, दमकमा प्रि-विड बैठक हुने छ ।

२. शिलवन्दी बोलपत्र/दरभाउपत्र पेश गर्दा शिलवन्दी खामको बाहिर फर्म/कंपनीको नाम, ठेगाना, सम्पर्क टेलिफोन नंम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । शिलवन्दी खाममा आफुले गर्न चाहेको कामको नाम र सूचना नम्बर 007060/AMDA/PHCP/2020_Medical Equipment को प्रस्ताव भएको व्यहोरा प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ ।

३. विद्धुतिय माध्यमबाट बोलपत्र/दरभाउपत्र पेश गर्न चाहने बोलपत्र/दरभाउपत्र दाताले आम्दा नेपालले प्रदान गर्ने फायलमा आवश्यक विवरण/अंक भरेर दरभाऊ खुलाएको कोलन (Column) तथा रो (Row) लुकाई (Hide) उक्त फायललाइ बोलपत्र/दरभाउपत्र खोल्ने समय भन्दा अगाडी खोल्न, हेर्न, पढ्न नमिल्ने गरी पासवर्ड सुरक्षित (Protect) गरेको हुनु पर्नेछ । खोल्न, हेर्न, पढ्न मिल्ने गरी पेश गरेमा उक्त प्रस्ताव रद्द हुन सक्नेछ । बोलपत्र/दरभाउपत्र दाताले विद्धतिय माध्यमबाट पेश गरेको बोलपत्र/दरभाउपत्रको पासवर्ड, अन्य प्रस्तावहरू खोली सकि पछि आम्दा नेपालमा बुझाउनु पर्नेछ ।

४. रितपूर्वक प्राप्त शिलवन्दी बोलपत्र/दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात मिति २०७७।०३।१५ गते दिऊसो २ बजे भित्र भुटानी शरणार्थीका लागि प्राथमिक स्वास्थ्य सेवा परियोजना, दमकमा पेश गरिसक्नु पर्नेछ।

५. बोलपत्र/दरभाउपत्रको साथमा कम्तिमा जम्मा **रू. २९,८२५।-** बराबरको तीन महीनाको लागि मान्यहुने गरि आम्दा नेपालको नाममा जारी भएको बिडवण्ड संलग्न हुनुपर्ने छ । *सूचना नं.* ***007022/AMDA/PHCP/2020*** *बमोजिम बिडवण्ड पेश गरी सकेका बोलपत्रदाताहरुको हकमा सोही बिडवण्ड रकम मान्य हुने छ ।* तोकिए वमोजिमको विडवण्ड समाबेश नगरी बोलपत्र/दरभाउपत्र पेश गरेमा संवन्धित फर्म/कंपनीलाई कालोसूचिमा राख्न सकिनेछ । छनौट भएको बोलपत्र/दरभाउपत्र दाताले सूचना जारी भएको सात दिन भित्र स्विकृत रकम (भ्याट समेतको) जम्मा पाँच प्रतिशतका दरले हुन आउने रकम बराबरको कम्तिमा एक वर्ष अवधि सम्म मान्य हुने गरी आम्दा नेपालको नाममा जारी भएको परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) सहीत आम्दा नेपालसँग संझौता गरिसक्नु पर्नेछ । अन्यथा बिडवण्ड जफत हुनेछ । बोलपत्र/दरभाउपत्रहरुको आन्तरिक मूल्याङ्कनको आधारमा आम्दा नेपालले थप बीस प्रतिशतसम्म परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) माग गर्न सक्नेछ ।

६. बोलपत्र/दरभाउपत्र फारम भर्दा नेपाल सरकारको प्रचलित नियमानुसार भ्याट बाहेकको नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । अंक र अक्षरमा द्विविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेर भएको ठाउँमा सही छाप गर्नुपर्नेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शूल्कहरु दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्र/दरभाउपत्र दाताले गर्नु पर्ने कामको पूर्ण विवरण (कामको प्रकार, स्थान, अवधि आदि) बुझी जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपालले बोलपत्र/दरभाउपत्र दाताले प्रस्ताब गरेको काम तथा निर्माण कार्यमा प्रयोग गर्न प्रस्ताव गरेको सामानहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिएको गुणस्तर बमोजिमको सामान आपूर्ति वा काम सम्पन्न गर्न नसकेमा समेत परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) जफत हुनेछ ।

७. शिलवन्दी बोलपत्र/दरभाउपत्रका साथ अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५/०७६ सम्मको करचुक्ताको प्रमाणपत्र/मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, कम्पनी/फर्मको दर्ता प्रमाणपत्र, संक्षिप्त परिचय तथा कार्यानुभव संलग्न गर्नुपर्नेछ ।

८. अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र/दरभाउपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपालले संशोधन गर्न सक्नेछ ।

९. शिलवन्दी बोलपत्र/दरभाउपत्रहरू बोलपत्र/दरभाउपत्र फारम बुझाउने अन्तिम मिति अर्थात २०७७।०३।१५ गते दिनको २।३० बजे बोलपत्र/दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा भुटानी शरणार्थीका लागि प्राथमिक स्वास्थ्य सेवा परियोजना, दमकमा खोलिने छ । ईमेलबाट प्राप्त बोलपत्र/दरभाउपत्र दाताहरुले सुरक्षाका साथ पेश गरेको बोलपत्र/दरभाउपत्र फारमको पासवर्ड अन्य बोलपत्र/दरभाउपत्र खुलि सके पछि मात्र आम्दा नेपालमा बुझाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा पछि कार्यालय खुलेको दिन सोही स्थान र मितिमा खोलिनेछ । बोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाउपत्र खोल्न वाधा पुग्ने छैन ।

१०. रितपूर्वक प्राप्त नभएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

११. आम्दा नेपालले बोलपत्र/दरभाउपत्र दाताले पेश गरेको प्रस्तावका सम्पूर्ण काम/सरसामान/सेवा समेत छनौट गर्नु पर्नेछ ।

१२. छनौट भएको बोलपत्र/दरभाउपत्र दाता र आम्दा नेपाल बिच संझौता सम्पन्न हुनासाथ परियोजनाले कार्यदिश जारी गर्न सक्नेछ । कार्यदिश जारी भएको मितिले निमार्ण संवन्धि काम गर्ने व्यवसायीले बोलपत्र/दरभाउपत्रफारममा तोकिएको अवधि भित्र आम्दा नेपाल अन्तर्गत सञ्चालित कार्यालय/अस्पताल/परियोजनाहरुले जारी गरेको कार्यदिशमा तोकिएको स्थानमा, तोकिएको सम्पूर्ण परिमाणको काम वा सरसामानहरुको आपूर्ति पूर्णरुपमा सम्पन्न गरि आम्दा नेपाललाई हस्तान्तरण गरिसक्नु पर्नेछ । आम्दा नेपालले जारी गरेको कार्यदिश बमोजिम तोकिएको स्थानमा तोकिएको समय भित्र तोकिए वमोजिमको सम्पूर्ण काम (निर्माण तथा आपूर्ति) छनौट भएको बोलपत्र/दरभाउपत्रदाताले पूर्णरुपमा गरिसक्नुपर्नेछ अन्यथा परफरमेन्स वोण्ड जफत हुनेछ वा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना, बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।

१३. आम्दा नेपाल र बोलपत्र/दरभाउपत्र दाता बिच संझौता सम्पन्न भई परियोजनाले खरिद आदेश जारी गरेको मितिले १५ (पन्ध्र) दिन भित्र सामग्रिहरु उपलब्ध गरि सक्नुपर्ने छ । बोलपत्र/दरभाउपत्र दातालाई "एड्भान्स पेमेन्ट" आवश्यक परेमा आम्दा नेपालको नियमानुसार जम्मा संझौता रकमको बढीमा बीस प्रतिशत रकम बोलपत्र/दरभाउपत्रदाताले पेश गरेको सो बराबरको एड्भान्स पेमेन्ट ग्यारेन्टीको आधारमा मात्र भुक्तानी दिन सकिनेछ । छनौट भएको बोलपत्र/दरभाउपत्र दाताले आम्दा नेपालसँग गरेको संझौताको शर्तहरु पालना गर्न असमर्थ भएमा आम्दा नेपालले परफरमेन्स बोण्ड र एड्भान्स पेमेन्ट ग्यारेन्टी दुवै जफत गर्नेछ ।

१४. आयु तोकिएको बस्तु, सेवा वा सरसामानहरुको हकमा, आम्दा नेपालका लागि सो बस्तु, सेवा वा सरसामानहरु बुझाउँदा वा प्रयोग गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा असि प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

१५. आम्दा नेपालका लागि आपूर्ति गर्ने बस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिङ्ग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त सरसामान आपूर्ति तथा प्रयोग स्विकार गरिने छैन । आम्दा नेपालले

निर्माण कार्य सम्पन्न भई सोको हस्तान्तरण लिनु अगावै कुनै प्रकारको क्षति हुन पुगेमा सो क्षतिको जिम्मेवारी निमार्ण व्यवसायी अर्थात छनौट भएको बोलपत्र/दरभाउपत्र दाताले लिनु पर्नेछ ।

१६. आम्दा नेपालले जारि गरेको खरिद आदेश बमोजिम तोकिएको समयावधि भित्र आंशिक मात्र काम सम्पन्न हुने परिस्थिति ठहर भएमा, कुनै पनि बखत संझौता रद्द गरि तोकिएको समयावधि भित्र काम सम्पन्न गर्न आवश्यक अन्य व्यवस्था गर्न सक्नेछ । संझौता गरेको आपुर्तिकर्ताले आंशिक काम सम्पन्न गर्नाले परियोजनाको काममा उत्पन्न व्यवधानको क्षतिपूर्ति स्वरुप, आम्दा नेपालले बाँकी काम सम्पन्न गर्न अन्य आपुर्तिकर्तालाई परिचालन गर्दा लागेको सम्पूर्ण मूल्यको बीस प्रतिशत थप गरि जरिवाना तोक्न वा परफरमेन्स वोण्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्न सक्नेछ ।

१७. नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१८. आपुर्तिकर्ताले संझौता बदर गर्न चाहेमा कम्तिमा तीन महिना अगावै लिखित सूचना दिनुपर्नेछ । संझौता बदरहुने अवस्थामा आम्दा नेपालले परफरमेन्स वोन्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्नेछ । संझौता बदरको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित रहनेछ ।

१९. संझौता कार्यान्वयन गर्दा तोकिएका बस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, बोलपत्र/दरभाउपत्रसाथ पेश गरे वमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

२०. बोलपत्र/दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपालमा सुरक्षित रहनेछ ।

Supplier Code of Conduct

यस बोलपत्र/दरभाउपत्र फारम भर्दा वा सामाग्री आपुर्ति गर्नुपर्ने अवस्थामा UN Supplier Code of Conduct (Rev.06-December 2017) को सम्पुर्ण नियमहरु मानी/बुझि सहमति गरि सही/छाप गर्दछु/गर्दछौ ।

आपुर्तिकर्ताको सही/छाप ==========================================

बोलपत्र/दरभाउपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**सम्पर्क राख्ने ठेगाना**

आम्दा नेपाल
भुटानी शरणार्थीका लागि प्राथमित स्वास्थ्य सेवा परियोजना, दमक,झापा
टेलिफोन नं. ०२३ – ५८२२७५/५८२२७६
ईमेलः phcp.damak@amda.org.np

आम्दा नेपाल
केन्द्रीय कार्यालय
गोकर्णेश्वर–६, काठमाडौं
टेलिफोनः०१–९१०२३५/४९१११४०
ईमेलः amda@amda.org.np

आम्दा नेपालको उपरोक्त सूचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौं।

संस्थापक वा आधिकारीक पदाधिकारीको नामः
. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

हस्ताक्षरः . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

मितिः . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
फर्म÷कंपनीको छाप